# प्रधानमन्त्री जंगबहादुर राणाका समयको नेपाल-भोट युद्धका ऐतिहासिक सामग्री

(गताङ्कको बाँकी)

९. मध्येस जिल्ला जिल्लामा भैं गयाको दस्षत –
प्रशस्ति श्री प्राइममिनिष्टर मिनिष्टर जनरलको

आगे जिल्ला महुतरिका संतमहंत सुवा फौजदार सुवेदार देवान पेस्कार चौधरिकानु गोये . मोकदम जेठ-रयेत जैवार जिमिदार रैयत गुठियार विर्ता वेषफिकढार माना चावल घरवारि मरवट गैह्रका मानिसहरूके. प्रनाम सलाम आसिष. उप्रान्त तिमीहरू गैह्रलाई सवादोर्तिको अंनि पंचकठि वेजगहिको वोसिमगनी झारा वेठ वेगार हातिसारको टंटा मुलुक इजारामा लाग्दा मुलुकलाई दुष देषदा येति कुरा सवै मैले घटाई. श्री ५ सर्कारका रूपिआ गोराई मेरो पटवन् सलामि माया मारि तिमिहरू-लाई सुष हवम् भनि मुलुक अमानत राष्याको थियो. आज श्रीदैवले गर्दा उत्तर दिशातिर लडाईको कारषाना हुन लाग्यो. यो राज्य रह्यो भन्या तिमिहरूलाई यो वन्दोवस्त पनि रहला. श्री ५ सर्कारको वनला. हामीलाई पनि नेकनामि रहला या राज्य गयो भन्या वन्दोवस्त पनि रहन्या छैन. तिमिहरूले पनि दुष पाउला श्री ५ सर्कारको विग्रला. हामीलाई पनि वदनामी होला. तसर्थ श्री ५ सर्कारको हकमा रैयत फौज उमराव. छोटावडाले मेहेनत गर्न्या वेला येहि हो. फौजको भरोसा रैयत. रैयतका भरोसा फौज. फौजले ज्यू दिनु पर्छ. पाहाडका मध्येसका रैयतले धन दिनु पर्छ. सो वेहोरामा धन श्री ५ सर्कारबाट माग्याको छैन. रुपियादि अघिदेषि दि आयाका मोहरु पैया १ को सिरा भाउमा षश्रो मसिनको येक दर गरि पाथि १२ का भाउमा चावल ४।५ दिनको बाटोसम्म वोकि ल्याईदेउ तिमीहरूसंग सबै उपजनी श्री ५ सर्कारबाट माग्याको छैन विर्ता फिकढार गैह्रके विगाहा १ को रुपिआं ३ का दरले दिनु यो रसद उठाउन्या काजि डिल्लीसिंह वूहम्यात् षजाँचि सिद्धिमानसिं राजभंडारी भै आयाका छन् इनले लाया अह्राया वमोजिमको काममा तत्पर भै गर. यसमा कसैले हहिमायेत् गर्‍यो भन्या श्री ५ सर्कारका चारहात जमिन जान्या आउन्या वेलामा काम नगरी हहि-मायेत् गर्न्यालाई कस्तो सजाये हुन्छ तिमीहरू जान्यै छौ इति सम्वत्. १९११ साल मिति कार्तिक सुदि ७ रोज ७. शुभम् ॥

अरू जिल्लामा मालका रैयतले विगाहा १ को रूपिआ १ का दरले दीनु जिल्ला वाराका महंत संत सुवा फौजदार सुवेदार देवान् पेस्कार चौधरि कानु गोय मुकदम् ज़ेठ रैयतके विहोरा सदर –

जिल्लै पर्साका संत महत सुवा फौजदार देवान पेस्कार चौधरि कानु गोये मोकदम् जेठ रैयत के वेहोरा सदर –
प्रगानाचिटन् गैह्रका संत महंत सुवा फौजदार सुवेदार देवान पेस्कार चौधरि कानुगोये मुकदम् ज़ेठ रैयतके वेहोरा सदर–

प्रगंना सर्लाहि गैह्रका संतमहंत सुवा फौजदार सुवेदार देवान पेस्कार चौधरि कानुगोये मोकदम ज़ेठ रैयत के वेहोरा सदर–
तप्पा रौतहट्का संतमहंत सुवा फौजदार सुवेदार देवान पेस्कार चौधरि कानुगोये मोकदम ज़ेठ रैयतके वेहोरा सदर –

ताजाकोसि पूर्व अरूण पश्चिमको लेषन्या मसौदा—

आगे भर अंचलका थुम् थुम गाउँगाउँका द्वान्या थरि मुषिया घाटु बुढा जिम्मावाल मिझार गौरू कटुवाल् रकमि संत महंत भला आदमि छोटाबडा जागीन्या ढाक्र्या रैति पौनिपान चारवर्ण छतिसै जात गैह्रके येथोचित् उप्रान्त अघि अघिका मुषतियारका पाला-मा साल बसाल झारा वेठवेगारको टंटा लाग्दा दुनियादार रैतिहरूले साह्रै दुष पाया. हाम्रा वजिरी मुखतियारीमा दुनियादार रैतिलाई दुष दिन्या काम वढिया छैन जंले श्री ५ सर्कारका काम परि आउला उसैबेलामा आफु आफुले गर्न्या काम जो जो पर्ला सो गर्लान् भनि सम्वत् १९०४ सालदेषि १९१० सालसम्म दुनियादार रैति गैह्रलाई झारा वेठ वेगारको टंटा केहि लायाको थियेन. आज श्रीदैवका इच्छाले उत्तरा दिशातिर लडाईको कारषाना हुन लाग्यो. तसर्थ फौजका भरमा रैयत रैयतका भरमा फौज. फौजले ज्यूदिनु पर्छ. रैयतले १९११ सालका बालीमा रसद पुऱ्याउनु पर्छ तसनिमित्त तफसिल माफिकका दरबन्दि बमोजिम जौन अन्न दिनामा तिमिहरूलाई सजिलो हुन्छ. येक घरको येक थोक अन्न मुषियाले आफ्ना आफ्ना गाउघरमा कटुवाललाई हाकहलाई नगेदा लगाई जमा गरि आफ्ना घरको समेतको बोकाई आफु समेत गै भर. चैत्र मैह्लादेषि बढो षुबु गोदाम घरमा दाषिल गऱ्याका अंनको तपसि-लमा ठेकियाका दरभाउले रुजिवा र रसिद लि जानु जंगी काज निमित्त लाग्याको रसद आफु आफुलाई लेषियाको दरवंदि बमोजिमको अन्न चैत्र मैह्ला भरमा पु-ऱ्यायेनौ पछि रसद जाचादा रसिद देषाउन सक्यानौ रज-स अम्बले गाउंका थरि मुषिया तालुकको रसद आवैन तेस मुषीया लाई र नल्याउन्यालाई जंगी अन बमोजिम जात अनुसारको सजाये होला —

क्रमशः